निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

## भद्रपुर, झापा

प सं ०६३/८० मिति २०७९।०५।०१

च.नं :- ३३

श्री नगरपालिका कार्यालय सबै, झापा ।

श्री गाउँपालिका कार्यालय सबै, झापा ।

**विषय : निर्वाचन खर्च विवरण पेश गर्ने तथा नगर्ने उमेद्वारहरुका सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय तह निर्वाचन २०७९ सम्पन्न भईसके पश्चात् अन्तिम मतपरिमाण घोषणा भएको मितिले ३० दिन भित्र सबै उम्मेद्वारले खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था निर्वाचन आयोग ऐन २०७३ को दफा २५ मा रहेको छ । यसै सन्दर्भमा तहाँ स्थानीय तहमा स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उम्मेद्वारी दिएका उम्मेद्वारहरु मध्ये कानुन बमोजिम खर्चको विवरण पेश गर्ने तथा पेश नगर्ने उम्मेद्वारहरुको सुची पत्रसाथ संलग्न गरी पठाइएको छ ।साथै मिति २०७९/०५/०१ गते राष्ट्रिय दैनिक पत्रिका गोर्खा पत्रमा प्रकाशित खर्चको विवरण पेश गर्ने उम्मेद्वारका लागि तथा खर्चको विवरण पेश नगर्ने उम्मेद्वारका लागि सार्वजनिक गरिएको छुट्टा छुट्टै सुचना समेत संलग्न गरी पठाइएको छ । यस कार्यालय बाट पठाइएको सुचनाहरु तथा उम्मेद्वारहरुको सुची मिति २०७९/०५/०१ गतेकै दिन त्यहाँ स्थानीय तहको web site मा राखिदिन हुन तथा सुचना पार्टीमा टाँस गरी टाँस गरेको मुचुल्का तयार गरी ३ दिन भित्र यस कार्यालयमा पठाईदिनु हुन साथै सुचनामा उल्लेख भए वमोजिम कार्य गर्ने गराउने वातावरण बनाइदिनहुन अनुरोध गर्दछु ।

नोट : झापा जिल्लाका उम्मेद्वारहरु मध्ये खर्चको विवरण पेश गर्ने तथा नगर्ने उम्मेद्वारहरुको सुची यस कार्यालयको वेब साइट (web site) मा सार्वजानिक गरिएको र सुचनापाटिमा समेत टाँस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थ :

श्री निर्वाचन आयोग,

कानुन तथा राजनिक दल व्यवस्थापन महाशाखा।

तुलसी कुमार नेपाल

जिल्ला निर्वाचन अधिकारी

Email:deo.jhapa@election.gov.np Tel: 023-453162 Fax: 023-456162

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

जिल्ला निर्वाचन कार्यालय

निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्वन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल

**स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

प्रकाशन मिति २०७९।५।१

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा टास गरिएको र सो कार्यालयको वेवसाईटमा समेत राखिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦